# राहदानी (पहिलो संशोधन) निर्देशिका, २०७१

राहदानी निर्देशिका, २०६७ मा सामयीक संशोधन गर्नु परेकोले नेपाल सरकारले देहायको राहदानी (पहिलो संशोधन) निर्देशिका बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो निर्देशिकाको नाम "राहदानी (पहिलो संशोधन) निर्देशिका, २०७१" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. राहदानी निर्देशिका, २०६७ को दफा २३ मा संशोधन : राहदानी निर्देशिका, २०६७ को दफा २३ को उपदफा (८) पछि देहायका उपदफा (९), (१०), (११), (१२), (१३), (१४), (१५), (१६) र (१७) थपिएका छन्:

"(९) विदेशस्थित नेपाली नियोग तथा राजदूतावासमा नेपाली मेशिन रिडेवल राहदानीका लागि आवेदन गर्ने नेपाली नागरिकका सोह्र बर्ष उमेर नपुगेका नाबालिग सन्तानलाई राहदानी उपलब्ध गराउनु पर्दा आवेदन फाराम साथ पुरानो हस्तलिखित राहदानी (एक पटक राहदानी लिई सकेकाको हकमा), नाबालिग परिचयपत्र वा जन्मदर्ता प्रमाणपत्र तथा निजको बाबु वा आमा वा संरक्षकले संरक्षक भएको व्यहोरा खुल्ने लिखत तथा नागरिकताको प्रमाणपत्र सहित आवेदन प्राप्त भएमा सो आधारमा नियोगले मेशिन रिडेवल राहदानी जारी गर्न सक्ने ।

(१०) सोह्र बर्ष नपुग्दै विदेश गएका नेपाली हस्तलिखित राहदानी वाहक नेपाली नागरिकको सन्तानले विशेष कारणवश नेपाल फर्कन नसकी विदेशमै रहेका बखत सोह्र बर्ष नाघि स्वदेश फर्की नागरिकता प्रमाणपत्र बनाउन व्यवहारिक कारणले सम्भव नभई नियोगमा राहदानीका लागि आवेदन गर्न आएमा पहिलो पटकका लागि मेशिन रिडेवल राहदानी जारी गर्दा आवेदकले पेश गरेको पुरानो हस्तलिखित राहदानी, जन्मदर्ता प्रमाणपत्र वा नाबालक परिचयपत्रको आधारमा नियोगले दुई बर्षको म्याद राखी मेशिन रिडेवल राहदानी जारी गर्न सक्नेछ । यसरी जारी गरिने राहदानीको नागरिकता प्रमाणपत्रको महलमा नाबालक परिचयपत्रको नम्बर उल्लेख गरिने छ । नाबालक परिचय पत्र पेश गर्न नसकी जन्मदर्ताको प्रमाणपत्र पेश गरेमा सो प्रमाणपत्रको नम्बर उल्लेख गरिने छ ।

११) विदेशमा जन्मेका नेपाली बाबुका सन्तानको हकमा नियोगले दर्ता

अभिलेख खडा गरी त्यसमा अभिलेख गरिएको नम्बर उल्लेख गरी सम्वन्धित नियोगले राहदानी जारी गर्न सक्नेछ । यसरी राहदानी प्राप्त गर्ने नेपाली नागरिकको सन्तानले दुई बर्ष भित्र अनिवार्य रुपमा नेपाल आई नागरिकताको प्रमाणपत्र बनाएपछि मात्र त्यसको आधारमा दोश्रो पटक १० बर्षको म्याद राखी नियमानुसार दस्तुर लिई मेशिन रिडेवल राहदानी जारी गर्न सकिने छ ।

(१२) विदेशमा बसोबास गरेका नेपाली नागरिक र उनीहरुका परिवारका सदस्यहरुको मेशिन रिडेवल राहदानीमा जन्ममिति कायम गर्नुपर्दा त्यस्ता आवेदकले पेश गरेका नागरिकताको प्रमाणपत्र वा शैक्षिक योग्यताको प्रमाणपत्र वा पुरानो हस्तलिखित राहदानीमा प्रवेषाज्ञा पाई विदेशमा अभिलेख खडा भैसकेको अवस्थामा सोही बमोजिम हुने गरी वा पेन्सन पट्टा वा जन्मदर्ता प्रमाणपत्र मध्ये कुनै एकको आधारमा आवेदन फाराममा उल्लेख भई आए वमोजिम विभाग वा जिल्ला प्रशासन कार्यालय वा नियोगले मेशिन रिडेवल राहदानी जारी गर्न सक्नेछ ।

(१३) विदेशी नागरिकसंग विवाह गरेकी तर विदेशको नागरिकता प्राप्त नगरेको नेपाली महिलालाई मेशिन रिडेवल राहदानी जारी गर्दा निज महिलाको पुरानो हस्तलिखित राहदानीमा उल्लेख भएको थरलाई मुख्य आधार मानी निजले आवेदन साथ नेपाली नागरिकताको प्रमाणपत्र पेश गरी पुरानो राहदानी अनुसारको थर सहितको राहदानीका लागि आवेदन गरेमा नेपाल भित्र भए राहदानी विभाग वा सम्वन्धित जिल्ला प्रशासन कार्यालय र विदेशमा भए नेपाली राजदूतावास तथा नियोगले सो अनुसार राहदानी जारी गर्न सक्नेछ । विगतमा नेपाली राहदानी नलिई पहिलो पटक मेशिन रिडेवल राहदानीका लागि आवेदन गर्ने यस्ता महिलाहरुलाई भने मेशिन रिडेवल राहदानी जारी गर्नु पर्दा नागरिकताको प्रमाणपत्रमा उल्लेखित नाम थर कायम गरी राहदानी जारी गर्न सकिने छ ।

(१४) नेपालबाट हस्तलिखित राहदानी लिएको, नाबालक परिचयपत्र नभएको तर बाबु र आमाको नेपाली नागरिकताको प्रमाणपत्र, नाता प्रमाणित र जन्मदर्ता पेश गर्ने आवेदकहरुका लागि नियोगले आवश्यक ठानेमा सम्बन्धित निकायबाट जारी भएका कागजातको आधिकारिकता बुझि मेशिन रिडेवल राहदानी जारी गर्न सक्ने छ ।

(१५) नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल पेश गर्न सक्ने तर हस्तलिखित राहदानी लिएको भएता पनि त्यसको प्रतिलिपि पेश गर्न नसक्ने आवेदकलाई मेशिन रिडेवल राहदानी उपलब्ध गराउनु पर्दा मेशिन रिडेवल राहदानीमा पुरानो राहदानीको नम्बर उल्लेख गर्नुपर्ने भएकोले जारी गर्ने निकायबाट पुरानो राहदानीको नम्बरका लागि नियोगले पत्राचार गरी प्राप्त भएमा सो उल्लेख गरी मेशिन रिडेवल राहदानी जारी गर्न सकिने छ ।

(१६) विदेशमा रहेका नेपालीले म्याद समाप्त भएको पुरानो राहदानी हराएमा र हराएको कुरा प्रमाणित गरी प्रहरी प्रतिवेदन पेश गर्न नसक्ने मनासिव माफिकको कारण उल्लेख गरी नागरिकताको प्रमाणपत्रको सक्कल र हराएको राहदानीको छांयांप्रति संलग्न गरी नयां राहदानी पांउ भनी निवेदन पेश गरेमा सम्वन्धित नियोगले उक्त हराएको राहदानी रद्द गरिएको सूचना नियोग रहेको देश र त्यहां स्थित अन्य मुलुकका कुटनैतिक नियोगहरुलाई दिई सो सूचना दिएको सात दिनपछि नयां राहदानी जारी गर्ने प्रकृया शुरु गर्नु पर्नेछ ।

(१७) उपदफा (१०) र (११) वमोजिम मेशिन रिडेवल राहदानी जारी गर्दा राहदानी नियमावली, २०६७ को अनुसूची ४ को खण्ड (ख), (ग), र (घ) वमोजिमका मुलुकहरुमा साधारण राहदानीका लागि तोकिए वमोजिमको राहदानी दस्तुर लिई राहदानी जारी गरिने छ । "